प.सं. : २०८२/८३
च.नं. : ५६

सिंहदरबार, काठमाडौं

मिति: ०५ आश्विन २०८२
ने.स. ११४५ ञलागा आमै

श्री स्थानीय तह (सबै),

**विषय:- स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा।**

प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम अन्तर्गत स्थानीय तहमा सूचना प्रविधिको प्रयोग बढाई सार्वजनिक सेवा प्रवाहमा सुधार गर्न सघाउ पुऱ्याउने उद्देश्यले लागत साझेदारीमा स्थानीय तहबाट सेवा करारमा लिई कामकाज गर्ने सूचना प्रविधि अधिकृतको सेवा सुविधा, कार्यविवरण तथा जिम्मेवारी निर्धारण तथा संघ, प्रदेश र स्थानीय तहका सूचना प्रविधिका क्षेत्रमा आवश्यक सहकार्य तथा समन्वय लगायतका कार्यमा सूचना प्रविधि अधिकृत परिचालन गर्न "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन-२०७६" को दफा ६५ को उपदफा ४ बमोजिम मिति २०८२/०५/१९ को निर्णयानुसार स्वीकृत "स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२", यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ।

(तीर्थ प्रकाश पौडेल)
राष्ट्रिय कार्यक्रम व्यवस्थापक

बोधार्थ:

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सूचना तथा प्रविधि शाखा, - सम्बन्धित निकायमा ईमेल गरिदिनुहुन साथै वेबसाईटमा अपलोड गरिदिनुहुन।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP)

# स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि- २०८२

**प्रस्तावना:** प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम अन्तर्गत स्थानीय तहमा सूचना प्रविधिको प्रयोग बढाई सार्वजनिक सेवा प्रवाहमा सुधार गर्न सघाउ पुऱ्याउने उद्देश्यले लागत साझेदारीमा स्थानीय तहबाट सेवा करारमा लिई कामकाज गर्ने सूचना प्रविधि अधिकृतको सेवा सुविधा, कार्यविवरण तथा जिम्मेवारी निर्धारण तथा संघ, प्रदेश र स्थानीय तहका सूचना प्रविधिका क्षेत्रमा आवश्यक सहकार्य तथा समन्वय लगायतका कार्यमा सूचना प्रविधि अधिकृत परिचालन गर्न "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन-२०७६" को दफा ६५ को उपदफा ४ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद- १
## प्रारम्भिक

**(1)** संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि- २०८२" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**(2)** परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यक्रम" भन्नाले नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत दस्तावेज बमोजिमको प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम सम्झनु पर्छ।

(ख) "कार्यक्रम समन्वय इकाई" भन्नाले प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रमको स्वीकृत कार्यक्रम दस्तावेजमा उल्लेख भए बमोजिमको कार्यक्रम समन्वय इकाई सम्झनु पर्छ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(घ) "प्रदेश कार्यक्रम सहयोग इकाई" भन्नाले प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रमको स्वीकृत कार्यक्रम दस्तावेजमा उल्लेख भए बमोजिमको प्रदेश कार्यक्रम सहयोग इकाई सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

(च) "सूचना प्रविधि अधिकृत" भन्नाले प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम र स्थानीय तहको लागत साझेदारीमा स्थानीय तहबाट सेवा करारमा रही कामकाज गर्ने सूचना प्रविधि अधिकृत सम्झनु पर्छ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ

## परिच्छेद- २
## लागत साझेदारी

**(3)** लागत साझेदारी सम्बन्धी व्यवस्था: (१) स्थानीय तहमा सूचना प्रविधि अधिकृतहरुको परिचालन कार्यक्रम र स्थानीय तहको र कार्यक्रमको लागत साझेदारीमा हुनेछ।

(२) उपदफा (१) बमोजिम लागत साझेदारीको समयसीमा कार्यक्रम अवधि सम्मका लागि मात्र हुनेछ।

(३) उपदफा (१) बमोजिम साझेदारीको निरन्तरता हुने वा नहुने एवम् लागत साझेदारीको अनुपात घटबढ हुने विषय कार्यक्रममा निर्भर हुनेछ।

**(4)** लागत साझेदारी हुन नसक्ने अवस्था: (१) कुनै स्थानीय तहले आगामी आर्थिक वर्षमा साझेदार हुन नचाहेमा मनासिब कारण सहित कार्यक्रम समन्वय इकाईलाई चालु आर्थिक वर्षको फाल्गुन मसान्तभित्र लिखित रूपमा जानकारी गराउनु पर्नेछ।

(२) कार्यक्रम समन्वय इकाईले आगामी आर्थिक वर्षमा साझेदारीको निरन्तरता दिन नसक्ने भएमा, सो को जानकारी स्थानीय तहलाई चालु आर्थिक वर्षको चैत्र मसान्त भित्र लिखित रूपमा जानकारी गराउने।

(३) दफा (३) बमोजिम लागत साझेदारी कार्यक्रमको अवधि समाप्त भए पश्चात स्थानीय तहले आफ्नो आवश्यकता बमोजिम आफ्नै श्रोतमा निरन्तरता दिन सक्नेछ।

## परिच्छेद- ३
## करार गर्ने प्रकृया तथा सेवा शर्त

**(5)** करार गर्ने सम्बन्धी व्यवस्था: (१) सूचना प्रविधि अधिकृतको पदपूर्ति सम्बन्धित स्थानीय तहबाट सेवा करारको प्रकृया बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम करार सेवामा राख्नको लागि स्थानीय तहले अस्थायी दरबन्दी स्वीकृत गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम सेवा करार गर्दा स्थानीय तहले प्रचलित कानून बमोजिम प्रतिस्पर्धाको आधारमा गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम छनौट भएका सूचना प्रविधि अधिकृतलाई प्रमुख प्रशासकीय अधिकृतले दफा (८) बमोजिमको कार्यविवरण एवम् जिम्मेवारी सहित करार सम्झौता गरी काममा लगाउनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम पदपूर्ति गरिएका वा यस कार्यविधि लागू हुनु पूर्व कार्यरत सूचना प्रविधि अधिकृतलाई सम्बन्धित स्थानीय तहले करार सम्झौता गरेर काममा लगाउन सक्नेछ।

(६) उपदफा (१) बमोजिमको करार सम्झौता सोहि आर्थिक वर्षको आषाढ मसान्त सम्मका लागि मात्र गर्नुपर्नेछ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ

(७) उपदफा (६) बमोजिमको करार अवधि समाप्त भए पछि कार्यसम्पादन मूल्याङ्कनका आधारमा सूचना प्रविधि अधिकृतलाई कामकाजमा लगाउन सकिनेछ।

(८) उपदफा (३) बमोजिमको कामकाजमा राखिएका सूचना प्रविधि अधिकृतको अनुसूची-१ बमोजिमको विवरण करार सम्झौता भएको मितिले १५ दिन भित्र कार्यक्रम समन्वय इकाईमा पठाउनु पर्नेछ।

**(6)** योग्यता तथा सेवा सुविधा: (१) सूचना प्रविधि अधिकृतलाई स्थानीय तहको सातौं तहको अधिकृत स्तरमा सम्झौता गरी कामकाज गराउन सक्नेछ।

(२) सूचना प्रविधि अधिकृतको योग्यता रा.प. तृतीय श्रेणी अधिकृतका लागि लोक सेवा आयोगद्वारा ईलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन ईन्जिनियर वा कम्प्युटर ईञ्जिनियर वा कम्प्यूटर अधिकृत पदका लागि तोकिए बमोजिम हुनेछ।

(३) सूचना प्रविधि अधिकृतको तलब तथा सेवा सुविधाका लागि नेपाल सरकारको अधिकृत स्तर सातौं तहको शुरू तलब स्केलको पचहत्तर प्रतिशत रकम लागत साझेदारीको रूपमा कार्यक्रम समन्वय इकाईले उपलब्ध गराउनेछ।

(४) उपदफा (२) बमोजिमको पदको लागि उपदफा (३) बमोजिम उपलब्ध गराएको रकमको बाँकि पच्चिस प्रतिशत रकम लागत साझेदारी बमोजिम स्थानीय तहले अनिवार्य रूपमा व्यहोर्नु पर्नेछ।

(५) उपदफा (३) र उपदफा (४) बमोजिमको रकम भित्र चाडपर्व खर्च सहित जम्मा १३ महिनाको तलब समावेश गर्नुपर्नेछ र पोशाक भत्ता बापतको थप रकम कार्यक्रम समन्वय इकाईबाट उपलब्ध हुनेछ।

(६) उपदफा (३) बमोजिमको रकम कार्यक्रम समन्वय इकाईबाट स्थानीय तहलाई सोधभर्नाको रूपमा उपलब्ध हुनेछ।

(७) उपदफा (५) मा उल्लेख भएको सेवा सुविधा बाहेक सूचना प्रविधि अधिकृतलाई सम्बन्धित स्थानीय तहले स्थानीय भत्ता, अन्य भत्ता र सेवा सुविधा सम्बन्धित प्रदेश र स्थानीय तहको कानून बमोजिम उपलब्ध गराउन सक्नेछ।

(८) उपदफा (७) बमोजिमको आर्थिक दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ।

(९) सूचना प्रविधि अधिकृतको मासिक सेवा सुविधा लगायतका विवरण करार सम्झौतामा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

**(7)** बिदा: (१) सूचना प्रविधि अधिकृतले पाउने बिदा सम्बन्धित स्थानीय तहका अन्य करार सेवाका कर्मचारीले पाए सरह हुनेछ।

**(8)** कार्यविवरण तथा जिम्मेवारी: (१) सूचना प्रविधि अधिकृतको कार्य विवरण देहाय बमोजिमको हुनेछ:

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ

(क) कार्यालयमा स्थापित सूचना प्रविधिका पूर्वाधार, उपकरणहरूको व्यवस्थापन र नियमित राख्न प्राविधिक सहयोग प्रदान गर्ने ।

(ख) स्थानीय तहका प्रणाली (website, software, system, application) को नियमित सञ्चालन र अध्यावधिक गर्ने र सहि अभिलेख तथा प्रतिवेदन तयार पार्न आवश्यक सहयोग पुर्‍याउने ।

(ग) स्थानीय सेवा प्रवाहलाई सूचना प्रविधिको प्रयोग मार्फत सहज र छिटो प्रवाहग गर्ने स्थानीय तह सूचना प्रविधि मैत्री बनाउने, आवश्यक प्रणाली तथा पूर्वाधारको विकास र उद्देश्य अनुरुप सञ्चालन भएको सुनिश्चित गर्न सहयोग गर्ने ।

(घ) स्थानीय तहबाट तयार हुने प्रणाली, पूर्वाधार, नीति तथा रणनीति र सम्बन्धित गतिविधीहरुको संघ तथा प्रदेश सरकारका प्रणाली, पूर्वाधार, नीति तथा रणनितिहरूसँग अन्तरआवद्धता, समन्वय तथा सामनजस्यता सुनिश्चत गर्ने ।

(ङ) स्थानीय तहबाट तयार हुने प्रणाली, पूर्वाधार, निति तथा रणनिति र सम्बन्धित गतिविधि सञ्चालन गर्दा तोकिएका मापदण्ड, नयम तथा कानून र आचार संहिताको पूर्ण पालना गर्नुपर्ने ।

(च) संघ तथा प्रदेश सरकारले माग गरेका सूचना, तथ्याङ्क तथा विवरण स्थानीय तहको सम्बन्धित शाखा/ पदाधिकारीसँगको समन्वयमा अध्यावधिक विवरण समयमा नै उपलब्ध गराउने ।

(छ) सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित राष्ट्रिय नीतिहरुको अध्ययन, नविन सोच र प्रणालीहरू विकास तथा प्रयोगको खोज गर्ने र स्थानीय आवश्यकता अनुसार स्थानीकरण गर्न सहयोग गर्ने ।

(ज) श्रोत नक्शाङ्कनलाई डिजिटाईजेशन, डिजिटल प्रोफाइल तयारी तथा अद्यावधिक गर्नमा सहयोग गर्ने र सेवा प्रवाहमा प्रयोग बढाउने ।

(झ) स्थानीय तहमा सूचना प्रविधि क्षेत्रमा आवश्यक रहेका गतिविधिहरू सहित वार्षिक ICT योजना तयार गर्न सहयोग गर्ने ।

(ञ) विधुतीय शासन स्थापनाका लागि आवश्यक उपकरण र उपायहरुको अध्ययन गरी स्थानीय तह र वडा स्तरमामा स्थापना गर्न सहयोग गर्दै समुदाय स्तरमा सूचना प्रविधिको पहुँच "कनेक्टिविटी" स्थापना गर्न सहयोग गर्ने ।

(ट) स्थानीय तहका सबै कर्मचारीहरुलाई विधुतीय शासन, सूचना तथा सञ्चार प्रविधि सम्बन्धी तालिम र अभिमुखिकरण कार्यक्रम संचालन गर्न सहजिकरण गर्ने ।

(ठ) स्थानीय तहमा सूचना प्रविधिसँग सम्बन्धित कर्मचारीलाई ICT सम्बन्धी ज्ञान तथा नियमित सीप हस्तान्तरण गर्ने ।

(ड) स्थानीय तहको कार्यालय तथा अन्य विषयगत निकायहरुका कार्यक्रम/ परियोजना, सेवा प्रदायक, गैह सरकारी संस्था, समुदायमा आधारित संघ-संस्थाहरुका अधारभूत विवरण, बजेट विवरण, सूचना आदि विवरण व्यवस्थित रुपमा राख्न र संप्रेषणमा सहयोग गर्ने ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाडौं

(ढ) कार्यालयका कर्मचारी र सेवाग्राहीका सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक समस्याहरू समाधान गर्न मद्दत गर्ने ।

(ण) स्थानीय तहका बजेट, योजना, राजश्व, अनुगमन, खरिद लागायतका क्षेत्रमा सूचना प्रविधिको प्रयोग गरी कार्यसम्पादनमा सहजिकरण गर्ने,

(त) कानूनबमोजिम सार्वजनिक गर्नु पर्ने (open data) आवश्यक विवरण संकलन र अध्यावधिक गरी स्थानीय तहको Website लगायत उपयुक्त माध्यमबाट सार्वजनिक रुपमा संप्रेषण गर्ने ।

(थ) स्थानीय तह को ICT status/system को नियमित अडिट गर्ने र सुरक्षा (security) को उचित प्रबन्ध मिलाउने।

(द) एकिकृत सेवा केन्द्र तथा सूचना केन्द्रहरुको स्थापना र संचालनमा सहयोग गर्ने ।

(ध) स्थानीय तहमा भएका असल अभ्यास तथा सूचनालाई नियमित र व्यवस्थित तवरले प्रकाशित गर्ने ।

(न) प्रमुख प्रशासकीय अधिकृतले तोकेको सूचना प्रविधि सम्बन्धित अन्य कार्यहरु गर्ने ।

(२) सूचना प्रविधि अधिकृतले तोकिएको कार्य विवरण बमोजिम स्थानीय तहको सूचना प्रविधि गतिविधिको समग्र जिम्मेवारी सहित कार्यक्रमको "सूचना प्रविधि सम्पर्क व्यक्ति (आई.टी. फोकल पर्सन)" को रूपमा समेत काम गर्नेछ,

(३) सूचना प्रविधि अधिकृत कार्य विवरण अनुसार दैनिक कामकाजको विषयमा प्रमुख प्रशासकीय अधिकृत प्रति जवाफदेही हुनेछ ।

(४) संघ तथा प्रदेशमा आवधिक प्रतिवेदन, सूचना तथा तथ्याङ्क आदान प्रदान, प्रणाली सञ्चालन लगायत सूचना प्रविधिका विषयमा सम्बन्धित प्रदेश कार्यक्रम सहयोग इकाई र कार्यक्रम समन्वय इकाई प्रति समेत जवाफदेही हुनेछ ।

(५) सूचना प्रविधि अधिकृतले प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रदेश कार्यक्रम सहयोग इकाई वा कार्यक्रम समन्वय इकाईबाट माग भई आएका काम-काजमा सहजीकरण गर्नुपर्नेछ ।

(६) उपदफा (१) र (२) मा उल्लेखित विवरण प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरी सम्बन्धित प्रदेश कार्यक्रम सहयोग इकाई मार्फत कार्यक्रम समन्वय इकाईमा पठाउनु पर्नेछ ।

(७) कार्य विवरणमा स्थानीय तहको आवश्यकता अनुसार थप गर्न सकिनेछ ।

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम कार्यक्रम समन्वय इकाई सिंहदरबार, काठमाण्डौ

(9) कार्यसम्पादन मूल्याङ्कन: (१) सूचना प्रविधि अधिकृतको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धित स्थानीय तहले अनुसूची-२ बमोजिमका सूचकलाई आधार लिई ६ महिनामा एक पटक हुने गरी एक आर्थिक वर्षमा दुई पटक गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको मूल्याङ्कन कार्यक्रमले तोकेको ढाँचा र कार्यक्रम समन्वय इकाईबाट तयार हुने प्रणाली मार्फत स्थानीय तहले सम्बन्धित प्रदेश कार्यक्रम सहयोग इकाईमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम गरिएको मूल्याङ्कनमा सम्बन्धित प्रदेश कार्यक्रम सहयोग इकाई र कार्यक्रम समन्वय इकाईले आवश्यक पृष्ठपोषण तथा मार्गदर्शन प्रदान गर्न सक्नेछ।

(४) सूचना प्रविधि अधिकृतको कार्यसम्पादन सन्तोषनजन नरहेको वा मन्त्रालय, कार्यक्रम समन्वय इकाई र प्रदेश कार्यक्रम सहयोग इकाईले माग गरेको विवरण समयमा उपलब्ध नभएको अवस्थामा वा प्राविधिक समन्वयको अभाव भएमा यस कार्यविधि बमोजिम लागत साझेदारीको रकम स्थानीय तहमा उपलब्ध गराउन कार्यक्रम बाध्य हुने छैन।

(10) करार अन्त्य हुने अवस्था: (१) कार्यरत रहेका सूचना प्रविधि अधिकृत निम्न अवस्थामा करारको अन्त्य हुनेछ:

- (क) सूचना प्रविधि अधिकृतहरूको कार्यसम्पादनको मूल्याङ्कन उचित तथा मनासिब कारण सहित सन्तोषजनक नरहेको भनि सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतबाट तोकिएको ढाँचामा पेश भई सम्बन्धित स्थानीय तहको प्रमुख/ अध्यक्षले प्रमाणित गरी स्वीकृत गरेमा,
- (ख) सूचना प्रविधि अधिकृतले राजिनामा पेश गरी स्वीकृत भएमा,
- (ग) कार्यालयमा जानकारी नगराई लगातार ३० दिन सम्म सम्पर्क विहीन भएमा,
- (घ) फौजदारी अभियोगमा कसुरदार ठहरिएमा,
- (ङ) कार्यालय समयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा,
- (च) सरकारी सम्पत्तिको हानि नोक्सानी गरेको प्रमाणित भएमा,
- (छ) कुनै नैतिक पतन देखिने कार्य गरेको प्रमाणित भएमा,
- (ज) अभद्र व्यवहारसम्बन्धी कसुरमा दोषी प्रमाणित भएमा,
- (झ) निजको मृत्यु भएमा।

(२) उपदफा (१) बमोजिम करार अन्त्य भएको जानकारी पत्र सम्बन्धित स्थानीय तहले करार अन्त्य भएको १५ दिन भित्र कार्यक्रमले तोकेको ढाँचा र प्रणाली मार्फत कार्यक्रम समन्वय इकाईमा जानकारी गर्नुपर्नेछ।

(11) बरबुझारथ गर्नुपर्ने: (१) करार अन्त्य हुने सूचना प्रविधि अधिकृतले आफ्नो जिम्मेवारीमा रहेको कार्यालयका सर-सामान, ईमेल, प्रणाली र सूचना प्रविधि पूर्वाधारका प्रयोगकर्ता विवरण (username,

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौं

password), सम्बन्धित कागजात लगायत विवरण सम्बन्धित कार्यालयमा बरबुझारथ गरेको सुनिश्चिचितता सम्बन्धित स्तानीय तहले गर्नुपर्नेछ ।

**(12)** अनुभव पत्र प्रदान गर्न सक्ने: (१) सूचना प्रविधि अधिकृतलाई दफा (११) बमोजिम बरबुझारथ गरेको सुनिश्चित गरी कार्यरत अवधि र कामकाज गरेको विवरण खुलेको अनुभव पत्र सम्बन्धित स्थानीय तहले प्रदान गर्नुपर्नेछ ।

**(13)** सूचना प्रविधि अधिकृतको दिर्घकालिन व्यवस्थापन: (१) कार्यक्रमको अवधि समाप्त भए पश्चात स्थानीय तहको आवश्यकता बमोजिम स्थानीय तहको दरबन्दी संरचनामा स्थायी पदपुर्ति गर्ने वा करार सेवामा लिने वा अन्य कुनै विधि र माध्यमबाट आफ्नै श्रोत वा अन्य बैकल्पिक श्रोतबाट व्ययभारको व्यवस्थापन गर्ने गरि स्थानीय तहले निरन्तरता दिन सक्नेछ ।

## परिच्छेद- ४
## सोध भर्ना सम्बन्धी व्यवस्था

**(14)** सोध भर्ना पठाउने: (१) सूचना प्रविधि अधिकृतको आधारभुत सेवा सुविधा बापतको रकम सम्बन्धित स्थानीय तहले आफ्नै श्रोतबाट उपलब्ध गराई सो को सोधभर्नाका लागि अनुसूची-१ बमोजिमको विवरण अनुसूची-३ बमोजिमको ढाँचामा कार्यक्रम समन्वय इकाईमा माग गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सोधभर्नाका लागि सम्बन्धित स्थानीय तहले देहायका विवरण सहित कार्यक्रम समन्वय इकाईमा पेश गर्नुपर्नेछ:

(क) अनुसूची १ बमोजिमको विवरण अनुसूची ३ को ढाँचामा आ.व. शुरू भएको ३० दिन भित्र वा सेवा करार सम्झौता भएको १५ दिन भित्र,

(ख) सूचना प्रविधि अधिकृतसँगको करार सम्झौता पत्र,

(ग) कार्यसम्पादन सन्तोषजनक रहको कार्यसम्पादन मूल्याङ्कनको प्रमाणित प्रति,

(घ) अनुसूची- ३ बमोजिम सूचना प्रविधि अधिकृतको प्रमाणित हाजिरी,

(ङ) अनुसूची- ३ बमोजिम सूचना प्रविधि अधिकृतले पछिल्लो अवधिसम्म प्राप्त गरेको सेवा सुविधा सम्बन्धी विवरण,

(३) उपदफा (२) बमोजिमको विवरण प्रदेश कार्यक्रम सहयोग ईकाइबाट यकिन गरि, कार्यक्रम समन्वय इकाई मार्फत सोधभर्ना वापतको रकम सम्बन्धित स्थानीय तहको विविध खर्च खातामा पठाईनेछ ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ

(४) उपदफा (२) बमोजिम उपलब्ध गराउनु पर्ने विवरण यस कार्यक्रमले उपलब्ध गराउने ढाँचा र प्रणालीमा विवरण यकिन गरी तोकिएको समय भित्र अपलोड गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(५) उपदफा (३) बमोजिम स्थानीय तहले पेश गरेको विवरणका आधारमा कार्यक्रम समन्वय ईकाइबाट निम्नानुसार दुई किस्तामा सोधभर्ना रकम उपलब्ध गराईनेछ:

(क) पहिलो किस्ता पौष मसान्त भित्र,

(ख) दोश्रो किस्ता असार २० गते भित्र।

## परिच्छेद- ५
## संस्थागत जिम्मेवारी

**(15)** प्रदेश कार्यक्रम सहयोग इकाईले प्रदेश भित्रका स्थानीय तहमा लागत साझेदारीमा कार्यरत सूचना प्रविधि अधिकृतको परिचालन, समन्वय एवम् मार्गनिर्देशनका लागि देहाय बमोजिम गर्नेछ-

(क) स्थानीय तहमा सूचना प्रविधिको प्रभावकारी कार्यान्वयनको लागि नीतिगत पृष्ठपोषण प्रदान गर्ने,

(ख) स्थानीय तहमा कार्यक्रम अन्तर्गतका गतिविधिहरूको प्रभावकारिताका लागि प्रदेश तथा स्थानीय तहमा रणनीतिक मार्गदर्शन प्रदान गर्ने,

(ग) तिनै तहमा कार्यक्रम अन्तरगतका सूचना प्रविधीका गतिविधिहरूको प्रभावकारी कार्यान्वयनको लागि मन्त्रालय र स्थानीय तह बीच समन्वय र सहकार्य गर्ने,

(घ) स्थानीय तहबाट सिफारिस साथ माग भई आएका सूचना प्रविधिका योजना कार्यक्रम तथा परियोजनामा आवश्यक बजेट व्यवस्थापनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गर्ने,

(ङ) सूचना प्रविधि अधिकृतका लागि प्राविधिक क्षमता विकासको योजना तय गर्ने र क्षमता विकासका गतिविधिका सञ्चालनका लागि प्रदेश अनुसन्धान तथा तालिम प्रतिष्ठान वा प्रदेश सुशासन केन्द्रलाई सिफारिस गर्ने,

(च) सूचना प्रविधि अधिकृतका गतिविधि, स्थानीय तहमा संचालित परियोजना तथा क्षमता विकास कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने र पृष्ठपोषण प्रदान गर्ने,

(छ) सूचना प्रविधि अधिकृतका असल अभ्यास र सिकाई आदान प्रदान, अभेलेखिकरण र सम्प्रेषणका लागि आवश्यक बजेट व्यवस्थापन गर्ने र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश अनुसन्धान तथा तालिम प्रतिष्ठान वा प्रदेश सुशासन केन्द्रको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने,

(ज) लागत साझेदारीको प्रभावकारी सञ्चालनको लागि आवश्यकतानुसार अन्य कार्य गर्ने।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ

**(16)** कार्यक्रम समन्वय इकाईले लागत साझेदारीमा कार्यरत सूचना प्रविधि अधिकृतको परिचालन, समन्वय एवम् नितिगत निर्देशनका लागि देहाय बमोजिम गर्नेछ-

(क) स्थानीय तहमा कार्यरत सूचना प्रविधि अधिकृतलाई रणनीतिक तथा नीतिगत मार्गदर्शन र पृष्ठपोषण प्रदान गर्ने,

(ख) स्थानीय तहमा सूचना प्रविधिका गितिविधीको कार्यान्वयनको लागि अन्तरसरकारी समन्वय र सहकार्य गर्ने,

(ग) स्थानीय तहमा सूचना प्रविधिका गितिविधीका उत्कृष्ट सिकाई तथा अभ्यासको प्रचार प्रसार एवम् सरकारका अन्य क्षेत्रमा प्रवर्द्धन गर्न सहजीकरण गर्ने,

(घ) यस साझेदारी कार्यक्रम तथा स्थानीय तहमा कार्यरत सूचना प्रविधि अधिकृतबाट भएका कार्यको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन गर्ने वा गर्न लगाउने,

(ङ) यस साझेदारी कार्यक्रम तथा स्थानीय तहमा कार्यरत सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी द्विविधा भएमा नीतिगत स्पष्टता प्रदान गर्ने।

## परिच्छेद- ६
## विविध

**(17)** विविध: (१) सूचना प्रविधि अधिकृतले प्रचलित कानून बमोजिम स्थानीय सरकारी सेवाका कर्मचारीहरुको लागि तय गरिएको आचरण पालना गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम आचरण पालना गरे वा नगरेको अनुगमन सम्बन्धित स्थानीय तहले गर्नुपर्नेछ।

(३) मन्त्रालय र कार्यक्रम समन्वय इकाईले माग गरेको विवरण र प्रतिवेदन पठाउने जिम्मेवारी सूचना प्रविधि अधिकृतको हुनेछ।

(४) उपदफा (३) बमोजिम स्थानीय तहले सूचना प्रविधि अधिकृतलाई विवरण तयार गर्दा आवश्यक सहयोग, समन्वय र पहुँचको सुनिश्चिचितता गर्नुपर्नेछ।

(५) कार्यविधिमा आवश्यक संशोधन वा परिमार्जन कार्यक्रम समन्वय इकाईले गर्न सक्नेछ।

(६) सूचना प्रविधि अधिकृतको कार्यसम्पादन मल्याङ्कनका लागि कार्यक्रम समन्वय इकाईले आवश्यक ढाँचा तोकि पठाउन सक्नेछ।

(७) यस कार्यविधीमा उल्लेखित कार्य सञ्चालनको सहजताका लागि, स्थानीय तहका सूचना प्रविधीका गतिविधि तथा असल अभ्यास सङ्कलन र सम्प्रेषण गर्न, सूचना प्रविधि अधिकृतको विवरण अद्यावधिक गर्न तथा कार्यसम्पादनको मूल्याङ्कन र प्रतिवेदन गर्ने कार्यको सहजताका लागि कार्यक्रम समन्वय इकाईले सूचना प्रविधीमा आधारीत प्रणाली विकास गर्न सक्नेछ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ

## अनुसूची १: दफा (५) उपदफा (८) सँग सम्बन्धित सूचना प्रविधि अधिकृतले अद्यावधिक गर्नुपर्ने विवरण

सूचना प्रविधि अधिकृतको निम्नानुसारको विवरण कार्यक्रमले तयार पारेको प्रणालीमा (आधिकारिक व्यक्तिले मात्र पहुँच हुने गरी) समयमा अद्यावधिक गरी उपलब्ध हुनुपर्नेछ:

- व्यक्तिगत विवरण
    - सूचना प्रविधि अधिकृतको पूरा नाम, लिङ्ग, ठेगाना
    - सूचना प्रविधि अधिकृतको व्यक्तिगत ईमेल
    - सूचना प्रविधि अधिकृतको आधिकारिक ईमेल
    - सूचना प्रविधि अधिकृतको सम्पर्क नं
- स्थानीय तहको विवरण
    - सम्बन्धित स्थानिय तहको नाम
    - प्रमुख प्रशसकीय अधिकृतको नाम
    - प्रमुख प्रशसकीय अधिकृत मोबाइल
    - लेखा प्रमुखको नाम
    - लेखा प्रमुखको मोबाइल
- कामकाज वा करारको अवस्था
    - करार भएको आर्थिक वर्ष, महिना, दिन
    - करार सम्झौता पत्र
    - करार थप/ नवीकरण आर्थिक वर्ष, महिना, दिन
    - करार थप/ नवीकरण पत्र
- बैंकिङ विवरण
    - स्थानीय बैंकको (विविध खाता) नाम
    - बैंकको शाखा
    - बैंक खाताको नाम
    - बैंक खाता नम्बर
    - खाताको विवरण खुल्ने कागजात (बैंक स्टेट्मेन्ट/चेक बुकको प्रति)
- तलब सम्बन्धि विवरण
    - सूचना प्रविधि अधिकृतको मासिक तलब
    - भुक्तानी भएको र गर्नुपर्ने रकम
    - पहिलो र दोश्रो किस्ताको लागत साझेदारी बमोजिम रकम
    - काम गरेको जम्मा महिना, जम्मा दिनहरू
    - भुक्तानी भएको र गर्नुपर्ने रकम- पहिलो र दोश्रो किस्ताको लागत साझेदारी बमोजिम प्राप्त हुने रकम
    - प्रमाणित हाजिरी (तोकिएको ढाँचामा)
    - प्रमाणित कार्यसम्पादन (तोकिएको ढाँचामा)
- कार्यसम्पादनसँग सम्बन्धित विवरण
    - कार्यसम्पादन मूल्याङ्कनको विवरण (तोकिएको ढाँचामा प्रमाणित गरी)
    - सूचना प्रविधि अधिकृतले गर्ने कार्यको योजना र सम्पादन गरेका प्रमुख कार्यहरूको विवरण (आवधिक रूपमा, तोकिएको ढाँचामा)
    - सूचना प्रविधिका असल अभ्यास (बुँदागत रूपमा, तोकिएको ढाँचामा)
    - मन्त्रालय वा कार्यक्रमबाट अपेक्षाकृत सहयोग वा सहकार्य (बुँदागत रूपम, तोकिएको ढाँचामा)
    - स्थानीय तहको सूचना प्रविधीको अवस्था (आवधिक रूपमा, तोकिएको ढाँचामा)

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ

**अनुसूची २: : दफा (९) उपदफा (१) सँग सम्बन्धित कार्यसम्पादन मूल्याङ्कनका सूचक**

सूचना प्रविधि अधिकृतको कार्यसम्पादन सुचक र पुस्ट्याईंका अधार निम्नानुसार हुनेछन्:

| **कार्यसम्पादन सूचक** | **पुस्ट्याईंका अधार** |
|---|---|
| • स्थानीय तहमा वेबसाइट तथा प्रणाली सञ्चालन र अध्यावधिक भई सेवा प्रवाह र सूचना सम्प्रेषणमा सहजता आएको | • *स्थानीय तहका वेबसाइट, प्रणाली तथा मोबाइल एपको अवस्था र तिनमा उपलब्ध विवरण तथा सूचना* |
| • स्थानीय तहका काम कारवाही नियमित र सहज भई स्थानीय सेवा प्रभावमा सहयोग भएको | • *स्थानीय तहका विषयगत शाखाका प्रणाली अवस्था र तिनका प्रतिवेदन*<br>• *उपकरणहरुको अवस्थाबारे स्टोर शाखाको प्रतिवेदन* |
| • सेवा प्रवाह, सूचना सम्प्रेषण, र आन्तरिक कार्यप्रणाली सुधारका लागि नीति, रणनिति, प्रणाली, उपकरण तयार भई सञ्चालन भएको | • *सम्वन्धित शाखा, सेवा प्रवाहसँग सम्बन्धित प्रणाली, उपकरण तथा पूर्वाधारको स्थापना र सञ्चालनको अवस्था*<br>• *सम्वन्धित निति, रणनिति, योजनाको प्रति*<br>• *हस्त-लिखित दस्तावेज़हरु कम्प्यूटरीकृत (डिजिटाइजसन) भएको*<br>• *डिजिटल नागरिक वडापत्र, डिजिटल सूचनापाटी, ई-हाजिरी, डिजिटल कार्यप्रणाली, कार्यालय स्वचालन प्रणाली आदिको स्थापना र संचालनको अवस्था*<br>• *सेवाग्राहीका सन्तुष्टि प्रतिवेदन* |
| • स्थानीय तहका विभिन्न सूचना तथा प्रतिवेदन निर्धारित समयमा र नियमित रुपमा सम्प्रेषण भएको | • *स्थानीय तह र प्रदेश तथा संघीय सरकारका प्रतिवेदन* |
| • इन्टरनेट सेवा र कनेक्टिविटीको स्थापना भएको | • *कार्यालयमा इन्टरनेट सेवाको उपलब्धता सुनिश्चित भएको, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरु विचमा कनेक्टिविटी रहेको, 'Free Wi-Fi zone' को स्थापना* |
| • नेपाल सरकारको मापदण्ड अनुसार इमेल प्रयोग भई संचालनमा आएको | • *सरकारी ईमेलको संख्या र प्रयोग* |
| • प्राविधिक तालिम संचालन भई सम्बन्धित कर्मचारीले दक्षता हासिल गरको | • *तालिम तथा अभिमुखिकरण प्रतिवेदन, माईन्यूट*<br>• *कर्मचारीको आवश्यकता तथा क्षमता विश्लेशण प्रतिवेदन* |
| • स्थानिय तहको वस्तुगत विवरणको डिजिटल प्रोफाइल तथा श्रोत नक्शाहरु वार्षिक रुपमा अद्यावधिक गरिएको। | • *वस्तुगत विवरणको डिजिटल प्रोफाइल तथा श्रोत नक्शाहरुको उपलब्धता* |
| • सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित लेखहरु, सफलताका कथाहरु प्रकाशित भएको। | • *प्रकाशित लेखहरु* |
| • कार्य क्षेत्रमा नविनता (innovation) | • *स्थानिय तहका प्रतिवेदन र उपलब्धिहरु* |
| • उपस्थिति समयपालना र अनुशासन | • *हाजिरी पुस्तिका र कार्यसम्पादन मूल्याङ्कन* |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाडौं

## अनुसूची ३: दफा (१४) को उपदफा (२) सँग सम्बन्धित तलब तथा सेवा सुविधाका लागि सोधभर्ना माग पत्रको ढाँचा

| प्रदेश: ...................... | जिल्ला: ...................... | स्थानीय तह: ...................... | सूचना प्रविधि अधिकृतको पूरा नाम: ...................... |
|---|---|---|---|
| सूचना प्रविधि अधिकृतको नियुक्ति मिति:....गते ....महिना.....वर्ष<br>सूचना प्रविधि अधिकृतको नविकरण मिति:....गते ....महिना.....वर्ष<br>चालु आ. व. मा कार्य गरेको जम्मा महिना:.................... | | चालु आ.व. मा प्रथम किस्ताको रकमको विवरण<br>कार्यक्रमबाट प्राप्त (रू): ...........<br>स्थानीय तहबाट साझेदारी (रू): .......... | चालु आ.व. मा दोश्रो किस्ताको रकमको विवरण:<br>कार्यक्रमबाट प्राप्त (रू): ...........<br>स्थानीय तहबाट साझेदारी (रू): .......... |

**हाजिर विवरण**

| महिना | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | बैशाख | जेष्ठ | अषाढ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यालय लागेको जम्मा दिन | | | | | | | | | | | | | |
| रूजु हाजिर दिन* | | | | | | | | | | | | | |

* *सम्झौता अनुसार विदा/ काज स्विकृत भएकोमा रूजु हाजिरी जनाउने।*
जम्मा विदा (दिन):
कैफियत:

**प्रमाणीकरण**

| हस्ताक्षर: | ______________________ | ______________________ | ______________________ |
|---|---|---|---|
| पद: | सूचना प्रविधि अधिकृत | लेखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |

(कार्यालयको छाप)

नाम:

सम्पर्क नं:

इमेल:

*संलग्नः (१) सूचना प्रविधि अधिकृतको नियुक्ति पत्र/ सम्झौता पत्र, (२) करार नविकरण पत्र (भएमा) (३) विविध खर्च खाताको विवरण*

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाडौं